# विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१

धार्चे गाउँपालिका, गोरखा

CamScanner

# विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान
# कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/२३

प्रस्तावनाः यस धार्चे गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक र विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान (स्थानान्तरण) गरी विद्यालयहरुको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज)र धार्चे गा.पा. शिक्षा ऐन २०७५ पहिलो पटक संशोधित दफा ४ को (ढ) ले दिएको अधिकार बमोजिम यो विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१ स्वीकृति गरी लागू गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१ रहेको छ।

(ख) यो कार्यविधि धार्चे गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिबाट धार्चे गाउँपालिका भर लागू हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) गाउँपालिका भन्नाले धार्चे गाउँपालिका गोरखालाई जनाउँछ।

(ख) कार्यपालिका भन्नाले धार्चे गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) गाउँ शिक्षा समिति भन्नाले धार्चे गाउँलिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(घ) अभिभावक भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्ति सम्झनु पर्छ।

(ङ) आधारभूत तह भन्नाले विद्यालयको कक्षा १ देखि कक्षा ८ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

(च) माध्यमिक तह भन्नाले विद्यालयको कक्षा ९ देखि १२ कक्षासम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ।

(छ) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ज) कर्मचारी भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सूचना गरी विद्यालयमा कार्यरत लेखापाल, कार्यालय सहयोगी, भान्सेसमेतलाई सम्झनु पर्छ ।

(झ) कार्यविधि भन्नाले धार्चे गाउँपालिका गोरखाको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१ सम्झनु पर्छ।

(ञ) दरबन्दी भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शव्दले नियमित राहत, अनुदान कोटा समेतलाई जनाउँछ ।

(ट) प्रधानाध्यापक भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको कामकाज गर्न जिम्मेवारी लिएको वा जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ।

(ठ) बालविकास भन्नाले सम्बन्धित निकायबाट अनुमति वा कोटा प्राप्त गरी ४ देखि ५ वर्ष उमेर समूहका बालबालिकाहरुको शिक्षा र विकासका लागि सञ्चालन भएको कक्षा सम्झनु पर्छ।

(ड) बालविकास सहजकर्ता भल्नाले बालविकास केन्द्र वा कक्षामा नियमित अनुदान पाउने गरी नियमानुसार नियुक्ति लिई कार्यरत शिक्षक वा बालविकास सहजकर्तालाई सम्झनु पर्छ ।

(ढ) शिक्षक भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनु पर्छ एवम सो शव्दले शिक्षक, प्रधानाध्यापक, बालविकास सहजकर्ता समेतलाई जनाउँछ ।

(ण) व्यवस्थापन समिति भन्नाले विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त) सम्बन्धित निकाय भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ, गाउँपालिका, शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(थ) मिलान भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (स्थायी, करार, संघीय शिक्षण सिकाइ सहयोग अनुदान, गाउँपालिका अनुदान, कर्मचारी)हरुलाई दरबन्दी मिलान तथा विद्यालय समायोजनको क्रममा कार्यरत विद्यालयबाट गाउँपालिकाभित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनुपर्छ ।

(द) सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ/

(ध) अन्य शब्द, नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

## ३. अध्यावधिक गर्नु पर्ने :

प्रत्येक विद्यालयले अध्ययनरत कक्षागत विद्यार्थी, कार्यरत शिक्षक तथा कर्मचारीहरुको वर्गीकृत तथ्यांक सहितको विवरण अध्यावधिक गर्नु पर्नेछ। चालु शैक्षिक सत्र एवम् पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खाने गरी शिक्षक कर्मचारी छनोट प्रक्रिया पूरा गरी नियुक्त कार्यरत स्थायी, अस्थायी, राहत शिक्षक, संघीय शिक्षण सिकाइ सहयोग अनुदान, गाउँपालिका अनुदान, अन्य स्रोतबाट तलबभत्ता खाने गरी नियुक्ति भएका शिक्षक तथा कर्मचारी, बालविकास सहजकर्ता एवम् कर्मचारीहरुको विवरण अनिवार्य अध्यावधिक गरी EMIS मा अपलोड तथा गाउँपालिकालाई विवरण उपलब्ध गराउनु पर्नेछ ।

## ४. शिक्षक विद्यार्थी अनुपातः

सामान्यतया गाउँपालिकाले बालविकास कक्षा बाहेक विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा ३५ (पैंतीस) जना विद्यार्थी बराबर एक जना शिक्षक अर्थात १:३५ मानी गर्नु पर्नेछ ।

## ५. शिक्षक दरबन्दी मिलानको आधार र प्रक्रिया :

(क) पछिल्लो शैक्षिक सत्र २०८१ र चालु शैक्षिक सत्र २०८१ को IEMIS विद्यार्थी भर्ना अभिलेख र आवश्यकता अनुसार विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्य आधार बनाइनेछ ।

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी राहत, संघीय शिक्षण सिकाइ सहयोग अनुदान, गाउँपालिका अनुदान, बालविकास सहजकर्ता आदिमा कार्यरत तहगत शिक्षकको संख्यालाई आधार लिइनेछ ।

(ग) दरबन्दी मिलान (स्थानान्तरण)को क्रममा बढी हुन आई कटौति गर्नुपर्ने दरबन्दी वा अनुदान कोटालाई गाउँपालिकाको पुल दरबन्दीमा राखी शिक्षक, विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शुन्य वा न्युन दरबन्दी रहेका विद्यालयमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको मिलान/स्थानान्तरण/सरुवा गरिनेछ ।

(घ) यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा क्रमशः मिलान/स्थानान्तरण/सरुवा गरिनेछ ।



CamScanner

(ङ) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षकको अभाव सम्बोधन गरिनेछ ।

(च) शिक्षक दरबन्दी मिलान/स्थानान्तरण/सरुवा गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान/स्थानान्तरण/सरुवा गरिनेछ।

(छ) तोकिएको शिक्षक, विद्यार्थी अनुपातको आधारमा विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भै दरबन्दी कटौतिमा परेका र यस अघि रित्त भएका एवम् तत्काल रित्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा व्यवस्थापन गरिनेछ ।

(ज) सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रित्त दरबन्दीहरुमा गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको निर्णय अनुसार शिक्षक सरुवा वा पदपूर्तिको व्यवस्था गरिनेछ ।

(झ) महिला तथा अपाङ्ग र दीर्घ रोग भै शारीरिक समस्या भएका (मनासिव देखिएमा ) लाई सकभर घरपायक वा पायक पर्ने गरी मिलान/स्थानान्तरण/सरुवा गरिनेछ ।

(ञ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा (९-१०) सञ्चालन भएको विद्यालयमा न्युनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्राथमिक तहको पुल दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिम प्राप्त शिक्षकको मिलान (स्थानान्तरण) गर्न सकिनेछ ।

(ट) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको संख्यात्मक र विषयगत मिलान समेत भएकोले सामान्यतया शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ (संसोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा कुनै विद्यालयमा एकै विषयको शिक्षक दरबन्दी एक भन्दा बढी भएमा अनिवार्य विषयहरुको प्राथमिकताक्रम हेरी विषयगत मिलान हुने गरी दरबन्दी सिर्जना, मिलान, स्थानान्तरण तथा पदपूर्ति गरिनेछ ।

(ठ) कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या उच्च, विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह सञ्चालित भएमा शिक्षक दरबन्दी वा अनुदान कोटा (गाउँपालिका अनुदान समेत) थप गरिनेछ ।

(ड) गाउँपालिकाभित्र आन्तरिक सरुवा लागि निवेदन प्राप्त भएमा निवेदनहरु मध्ये जेष्ठताका आधारमा काजमा खटाइने वा मिलान (स्थानान्तरण) गर्न सकिनेछ ।

(ढ) पारस्परिक सरुवाका लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा शिक्षा शाखाको सिफारिसमा गाउँ शिक्षा समितिले मनासिव लागेमा गाउँ कार्यपालिकाले अनुमोदन गरी पारस्परिक सरुवा गर्न सकिनेछ ।

(ण) यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत स्थायी, अस्थायी, करार, राहत, संघीय शिक्षण सिकाइ सहयोग अनुदान, गाउँपालिका अनुदान कोटालाई आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको निर्णयलाई गाउँ कार्यपालिकाले अनुमोदन गरी कामकाजको लागि मिलान/स्थानान्तरण)/सरुवा गर्न सकिनेछ ।

## ६. विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानका मुख्य आधारहरु:

तह अनुसार न्युनतम विद्यार्थी संख्या भएमा शिक्षा नियमावली, २०५९ (संसोधन सहित) को अनुसूचीमा उल्लेखित न्युनतम प्राथमिक तह(कक्षा १-५) मा ३ जना, आधारभूत तह (कक्षा ६-८) मा ४ जना, (कक्षा ६-१०) माध्यमिक तहमा ९ जना (अंगेजी, गणित, विज्ञान, नेपाली, सामाजिक, ऐच्छिक) र (कक्षा ९-१२) माध्यमिक तहमा ८ जना (अंगेजी, गणित, विज्ञान, नेपाली, सामाजिक, ऐच्छिक) दरबन्दी कायम गर्ने ।

धार्चे गाउँपालिकाको सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी कायम, मिलान तथा स्थानान्तरण गर्दा विद्यालयमा बढी देखिएका कोटा दरबन्दी अनुदान पालिकामा पुलमा राखी आवश्यकता र मागका आधारमा गाउँ शिक्षा समितिको निर्णयानुसार गाउँ कार्यपालिकाले अनुमोदित गरी पुनर्वितरण वा जगेडा वा शिक्षक बैंकको रुपमा प्रयोग गरिनेछ ।

शिक्षक दरबन्दी मिलानसँगै विद्यालयहरु पनि विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने, आवश्यकताको आधारमा थप कक्षा सञ्चालनको अनुमति दिने, विद्यालयहरुको समायोजनसँगै हिमाली आवासीय छात्रबासको पुनर्वितरण गर्ने कार्य पनि हुनेछ ।

**६.१. कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा :**

(क) प्रारम्भिक बालविकास बाहेक कक्षा १ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ८ जनासम्म

(ख) प्रारम्भिक बालविकास बाहेक कक्षा २ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या १५ जनासम्म

(ग) प्रारम्भिक बालविकास बाहेक कक्षा ३ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या २२ जनासम्म

(घ) प्रारम्भिक बालविकास बाहेक कक्षा ४ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ३० जनासम्म

(ङ) प्रारम्भिक बालविकास बाहेक कक्षा ५ सम्म सञ्चालित विद्यालयमा विद्यार्थी संख्या ३५ जनासम्म

(च) प्रारम्भिक बालविकास बाहेक कक्षा १-३ मा विद्यार्थी संख्या न्युनतम २२ जना भएमा २ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ । तोकिए बमोजिमको विद्यार्थी संख्या भएमा पनि नजिकको विद्यालय आउन वा जान ३० मिनेट भन्दा कम समय लाग्ने वा दुई कि.मि.दुरी नजिकको विद्यालयहरुलाई अर्को नजिकको ठुलो विद्यालयमा समायोजन (मर्ज) गर्ने ।

(छ) प्रारम्भिक बालविकास बाहेक कक्षा १-५ मा विद्यार्थी संख्या न्युनतम ३५ जना भएमा ३ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ । तोकिए बमोजिमको विद्यार्थी संख्या नभएमा विद्यालयमा माथिल्लो कक्षाहरु घटाइनेछ र नजिकको विद्यालय आउन वा जान ६० मिनेट वा हिँडेर जाँदा ३ कि.मि. नजिकको विद्यालयमा समायोजन (मर्ज) गर्ने ।

(ज) प्रारम्भिक बालविकास बाहेक कक्षा १-५ मा विद्यार्थी संख्या न्युनतम ५० जना भएमा ४ शिक्षक दरवन्दी व्यवस्था गरिनेछ ।

(झ) प्रारम्भिक बालविकास बाहेक कक्षा १-५ मा विद्यार्थी संख्या न्युनतम ६० जना भएमा ५ शिक्षक दरवन्दी व्यवस्था गरिनेछ ।

(ञ) माथि जुनसुकै कुरा लेखिएता पनि भौगोलिक विकटता भएको कक्षा १-३ मा ३० मिनेट वा २ कि.मि.को दुरीमा अर्को विद्यालय नभएको स्थानमा रहेको विद्यालयमा न्युनतम १२ विद्यार्थी मात्र भए पनि २ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ र कक्षा १-५ मा ६० मिनेट वा ३ कि.मि.को दुरीमा अर्को विद्यालय नभएको स्थानमा रहेको विद्यालयमा न्युनतम २० विद्यार्थी भएमा ३ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ ।

**६.२. कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा :**

(क) प्रारम्भिक बालविकास बाहेक कक्षा ६ सम्म विद्यालयमा विद्यार्थी संख्या ४५ जनासम्म

(ख) प्रारम्भिक बालविकास बाहेक कक्षा ७ सम्म विद्यालयमा विद्यार्थी संख्या ६५ जनासम्म

(ग) प्रारम्भिक बालविकास बाहेक कक्षा ८ सम्म विद्यालयमा विद्यार्थी संख्या ८० जनासम्म

(घ) प्रारम्भिक बालविकास बाहेक कक्षा १-८ मा विद्यार्थी संख्या न्युनतम ८० जना भएमा विषयगत र शिक्षण अनुदान कोटा (संघीय र गाउँपालिका अनुदान) गरी ८ शिक्षक दरबन्दी व्यवस्था गरिनेछ । तोकिए बमोजिमको



Rural Municipality
Municipal Executive
Gorkha, Gandaki Province, Nepal

CamScanner

विद्यार्थी संख्या नभएमा नजिकको विद्यालयमा आवाससहितको अध्ययनको लागि व्यवस्था मिलाई माथिल्लो कक्षाहरु घटाइनेछ ।

(ङ) माथि जुनसुकै कुरा लेखिएता पनि भौगोलिक विकटता भएको कक्षा १-८ मा ६० मिनेट वा ३ कि.मि.को दुरीमा अर्को विद्यालय नभएको स्थानमा रहेको विद्यालयमा न्युनतम ६० विद्यार्थी भएमा न्युनतम ७ संख्या अनुसारको शिक्षक दरबन्दी व्यवस्था गरिनेछ ।

**६.३. कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा :**

(क) प्रारम्भिक बालविकास बाहेक कक्षा ९ सम्म विद्यालयमा विद्यार्थी संख्या १३० जनासम्म

(ख) प्रारम्भिक बालविकास बाहेक कक्षा १० सम्म विद्यालयमा विद्यार्थी संख्या १४० जनासम्म

(ग) माध्यमिक तह कक्षा ९-१० मा विद्यार्थी संख्या २०० भन्दा बढी विद्यार्थी भएमा ४० जना विद्यार्थी बराबर १ विषय शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

(घ) प्रारम्भिक बालविकास बाहेक कक्षा १-१० मा विद्यार्थी संख्या न्युनतम १४० जना भएमा विषयगत र शिक्षण अनुदान कोटा (संघीय र गाउँपालिका अनुदान) गरी लेखा बाहेक १२ न्युनतम शिक्षक दरबन्दी व्यवस्था गरिनेछ । तोकिए बमोजिमको विद्यार्थी संख्या (न्युनतम कक्षा ९-१० मा ३५ जना) नभएमा नजिकको तोकिएको विद्यालयमा आवाससहितको अध्ययनको लागि व्यवस्था मिलाई माथिल्लो कक्षाहरु घटाइनेछ ।

(ङ) माथि जुनसुकै कुरा लेखिएता पनि भौगोलिक विकटता भएको कक्षा १-१० मा ६० मिनेट वा ३ कि.मि.को दुरीमा अर्को विद्यालय नभएको स्थानमा रहेको विद्यालयमा न्युनतम १२०-१३० विद्यार्थी भएमा लेखा सहित १२ न्युनतम संख्या अनुसारको शिक्षक दरबन्दी व्यवस्था गरिनेछ ।

**६.४. कक्षा ११-१२ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा :**

(क) प्रारम्भिक बालविकास बाहेक कक्षा ११ सम्म विद्यालयमा कक्षा १० सम्मको विद्यार्थी संख्यामा थप २० जनासम्म

(ख) प्रारम्भिक बालविकास बाहेक कक्षा १२ सम्म विद्यालयमा कक्षा १० सम्म र कक्षा ११ सहितको विद्यार्थी संख्यामा थप २० जनासम्म

(ग) प्रारम्भिक बालविकास बाहेक कक्षा १-१२ मा विद्यार्थी संख्या न्युनतम १६० जना भएमा विषयगत र शिक्षण अनुदान कोटा (संघीय र गाउँपालिका अनुदान) गरी लेखा बाहेक १५ न्युनतम शिक्षक दरबन्दी व्यवस्था गरिनेछ । तोकिए बमोजिमको विद्यार्थी संख्या नभएमा नजिकको तोकिएको विद्यालयमा आवाससहितको अध्ययनको लागि व्यवस्था मिलाई माथिल्लो कक्षा तथा विषय क्षेत्रहरु घटाइनेछ ।

(घ) माध्यमिक तह (कक्षा ११-१२)का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजनका क्रममा २० जना विद्यार्थी बराबर १ शिक्षक दरबन्दी कायम गर्ने दरबन्दी कायम गर्दा अनिवार्य विषयकोलाई विद्यालयमा उपलब्ध गराउने तर्फ विशेष प्राथमिकता दिइने र कुनै विद्यालयको दरबन्दी कटौति गरी वा सरुवा स्थानान्तरण गर्नुपर्दा सो विषय पढ्ने विद्यार्थी संख्या कम्तीमा १० जना हुनुपर्ने र विगत २ वर्ष अघिको तथ्यांक विद्यालय र विषय शिक्षकले प्रमाणित गरि सत्यापन गरेर स्थानान्तरण गरिने प्रति कक्षा २० जना विद्यार्थी नभएका विद्यालय समायोजन (मर्ज) गर्ने।

Office of the Municipal Executive
Gorkha, Gandaki Province, Nepal

CamScanner

**७. प्रारम्भिक बालविकास कक्षा र शिक्षक सम्बन्धमा :**

(क) हालसम्म प्रारम्भिक बालविकास शिक्षक दरबन्दी नभएको तर बालविकास कक्षा सञ्चालन गरिरहेको विद्यालय वा समुदायलाई न्युनतम १ बालविकास कोटा प्रदान गर्ने ।

(ख) प्रारम्भिक बालविकास कक्षामा २० जना विद्यार्थी बराबर १ बालविकास सहजकर्ताको दरबन्दी कायम गर्ने र विद्यार्थी संख्या २०- ४० भएमा न्युनतम २ बालविकास कोटा कायम गर्ने र विद्यार्थी संख्या ४० भन्दा बढी भएमा प्रत्येक २० जना विद्यार्थी बराबर थप १ बालविकास कोटा थप गर्ने ।

(ग) कुनै विद्यालयले आफ्नै स्रोतमा नर्सरी, के जी जस्ता अंग्रेजी माध्यमका कक्षा सञ्चालन गरेको छ भने थप बालविकास कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी संख्या बालविकास कक्षामा गणना गर्ने।

**८. दरबन्दी मिलान कार्य गर्नका लागि निम्नानुसारको प्रक्रिया अवलम्बन गर्नु पर्छ :**

(क) गाउँ कार्यपालिकाले गाउँ शिक्षा समितिको संयोजकत्वमा तपसिल बमोजिमको प्रतिनिधित्व हुने गरी एक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्नेछः

तपसिल

१. सामाजिक विकास समिति संयोजक-१ संयोजक

२. सामुदायिक विद्यालयका प्र.अ.-१ जना सदस्य (अध्यक्षले तोकेको)

३. शिक्षा अधिकृत-१ जना सदस्य सचिव

आवश्यकताका आधारमा कार्यदलमा कार्यपालिका सदस्य, पालिकाका शिक्षक महासंघ, आबद्ध शिक्षकका पेशागत संघ संगठन आमन्त्रण गर्न सकिनेछ ।

(ख) कार्यदलले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक कर्मचारी लगायतका आवश्यक सबै क्षेत्रको अध्ययन तथा छलफल गरी विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा दरबन्दी मिलान तथा व्यवस्थापनका लागि विद्यालयको विवरण सहित गाउँ शिक्षा समितिमा प्रतिवेदन पेश गर्नेछ ।

(ग) कार्यदलको प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिको निर्णयलाई गाउँ कार्यपालिकाले अनुमोदन गरी शिक्षा तथा तथा खेलकुद शाखाले दरबन्दी मिलान/स्थानान्तरण/सरुवा प्रक्रिया अगाडि बढाउने छ।

(घ) शाखाले दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कटौति वा थप भएको विद्यालयलाई दरबन्दी कटौति वा थप भएको जानकारी गराउनेछ ।

(ङ) गाउँपालिकाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले सकेसम्म १ महिनाभित्र दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य सुरु गरी विदाको समयमा पायक पर्ने गरी कार्य सम्पन्न गरी सम्बन्धित निकायलाई जानकारी गराउनेछ ।

(च) विद्यालयहरूले शिक्षक दरबन्दी मिलान (स्थानान्तरण) को क्रममा मिलान/स्थानान्तरण/सरुवा गरिएका शिक्षक, कर्मचारीलाई कुनै पनि बहानामा रमाना नदिएमा, विद्यालयमा हाजिर नगराएमा सम्बन्धित विद्यालयमा गाउँपालिकाबाट निकासा हुने निकासा रकम रोक्का गरिनेछ।

**९. थप शिक्षक दरबन्दी प्राप्त भएमा तपसिल अनुसार कार्यान्वयन गरिनेछ :**

(क) शिक्षा युवा तथा खेलकुद शाखाले गाउँ शिक्षा समितिको निर्णयलाई गाउँ कार्यपालिकाले अनुमोदित निर्णयका आधारमा सम्बन्धित निकायसँग दरबन्दी माग गर्नेछ ।

(ख) संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट दरबन्दी प्राप्त भएमा जुन तह, किसिम र विषयको दरबन्दी हो सो को लागि गाउँ शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरणको लागि निर्णय गर्नेछ ।सो को अनुमोदन गाउँ कार्यपालिकाले गर्नेछ ।



CamScanner

**१०. गाउँपालिकाबाट शिक्षण सिकाइ सहयोग अनुदान कोटा थपघट सम्बन्धमा :**

(क) यस कार्यविधिको आधारमा सामुदायिक विद्यालयमा न्युनतम कायम हुन जाने शिक्षक संख्या कोटा दरबन्दी कायम भएमा गाउँ शिक्षा समितिमा आवश्यकता अनुसार स्वयंसेवक शिक्षक, गाउँ पालिका शिक्षण सहयोग अनुदान कोटा तह र विषय अनुसार थप गर्न सक्नेछ। कुनै विद्यालयमा बढी गाउँपालिका अनुदान कोटा बढी भएमा सो विद्यालयबाट उक्त अनुदान कोटा कटौति गरी गाउँ शिक्षा समितिले पालिकामा पुल कोटामा राखी आवश्यकता अनुसार विद्यालयमा वितरणको लागि गाउँ कार्यपालिकालाई सिफारिस गरिनेछ ।

(ख) गाउँपालिकाले गाउँपालिका शिक्षण सहयोग अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गरी स्वीकृत बजेटका आधारमा गाउँ शिक्षा समितिले थप अनुदान प्रदान गर्नुपर्ने भएमा निर्णय गाउँकार्यपालिकाबाट अनुमोदन गरी विद्यालय छनौट गरेर नियुक्ति प्रक्रिया अगाडि बढाउनेछ र सो को अभिलेख शिक्षा खाशाले राख्नेछ ।

(ग) आधारभूत तहको प्राथमिक र निम्न माध्यमिक तह, विषयगत र माध्यमिक तहका विषयगत रूपमा अनुदान कोटा एकै पटक वा आवश्यकता अनुसार स्वीकृत बजेट र प्राथमिकताका आधारमा वितरण गरिनेछ ।

(घ) गाउँपालिका शिक्षण सहयोग अनुदान कोटा, विद्यालय कर्मचारी, बालविकास सहजकर्ताको पारिश्रमिक तथा सुविधा स्वीकृत बजेटको परिधिभित्र रही समयानुसार थप वृद्धि हुन सक्नेछ ।

**११. मिलान (स्थानान्तरण) भएको स्थानमा जानुपर्ने :**

यस कार्यविधि बमोजिम मिलान (स्थानान्तरण) भएका शिक्षकहरु तोकिएको समयभित्र मिलान (स्थानान्तरण) भएको विद्यालयमा अनिवार्य हाजिर भै कामकाज गर्नु पर्नेछ ।

**१२. हाजिर गराई कामकाज लगाउनु पर्ने :**

दरबन्दी सहित वा यस कार्यविधि बमोजिम मिलान (स्थानान्तरण) भई आएका शिक्षक विद्यालय कर्मचारीलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउने र गाउँपालिकामा विवरण उपलब्ध गराउने ।

**१३. प्रधानाध्यापक जिम्मेवार हुने :**

यस कार्यविधि बमोजिम दरबन्दी मिलान तथा व्यवस्थापन सरुवा पुनःर्वितरण तथा शिक्षक कर्मचारी व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षक तथा कर्मचारीलाई विद्यालयमा हाजिर गराउने तथा मिलान/स्थानान्तरण/सरुवा भई जाने शिक्षक, कर्मचारीलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

**१४. बैठक भत्ता सम्बन्धि व्यवस्था :**

दरबन्दी मिलान (स्थानान्तरण) कार्य गर्दा कार्यदल शिक्षा समितिका पदाधिकारी र आमन्त्रित सदस्यको बैठक भत्ता प्रत्ति बैठक प्रति उपस्थित सदस्यको रु १००० (एक हजार मात्र) का दरले करकट्टी गरी उपलब्ध गराइने छ। समितिको अन्य कामकाजको सिलसिलामा काम गरेको थप समयमका आधारमा अतिरिक्त भत्ता उपलब्ध गराइनेछ। अतिरिक्त समय कार्य गरेको लगबुक प्रमाणित पालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । पालिकाका पदाधिकारी र कर्मचारीले अनुगमन गर्न पूर्व प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षको स्वीकृति लिई दरबन्दी मिलानको सन्दर्भमा, पालिकाका विद्यालयमा सञ्चालित विद्यालयको परीक्षा अनुगमन, भौतिक पक्ष अनुगमन, सेनेटरी प्याड अनुगमन, दिवाखाजा अनुगमन, लगायत विद्यालयका विविध पक्ष अनुगमन गरेमा प्रति दिन प्रति व्यक्ति रु १००० का दरले करकट्टी गरी भत्ता उपलब्ध गराइनेछ । आवश्यकता अनुसार खाना खाजा खर्च समेत पालिकाबाट खर्च गर्न सकिनेछ ।

**१५. दरबन्दी मिलान (स्थानान्तरण) को समय :**

दरबन्दी मिलान (स्थानान्तरण) गर्दा प्राथमिक तह, निम्न माध्यमिक, तह, माध्यमिक तह, स्थायी, अस्थायी राहत, करार, विद्यालय कर्मचारी, संघीय शिक्षण सहयोग अनुदान, गाउँपालिका अनुदानको गाउँ शिक्षा समितिको निर्णयलाई गाउँ कार्यपालिकाले अनुमोदन गरी माथि उल्लेखित सबैको एकै पटक वा पटक पटक गर्न सकिनेछ । मिलान (स्थानान्तरण) गर्दा सामान्यत एकै विद्यालयमा कम्तीमा ५ वर्ष नियुक्ति लिई कामकाज गरिरहेका वा गाउँ शिक्षा समितिले सबै बिषय अध्ययन गरि स्थानान्तरण आवश्यक ठानेको कार्यरत शिक्षक कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा कामकाज गर्न मिलान/स्थानान्तरण)/सरुवा गरिनेछ। उमेर हदका कारण अनिवार्य अवकास हुन १ वर्ष वा सो भन्दा कम समय बाँकी रहेका शिक्षक कर्मचारीलाई अर्को विद्यालयमा मिलान/स्थानान्तरण/सरुवा गरिने छैन। दरबन्दी मिलान (स्थानान्तरण) गर्दा सकभर विद्यालयको पठनपाठनमा प्रभाव नपर्ने गरी विद्यालयको विदाको समय पर्ने गरी गरिनेछ। स्थानान्तरण भई जाँदा अनिवार्य छोड्ने विद्यालयमा बरबुझारथ गर्नु पर्नेछ। तोकिएको विद्यालयमा जानु तोकिएको जिम्मेवारी पूरा गर्नु सम्वन्धित शिक्षकको कर्तव्य हुनेछ । विद्यालयका राम्रा अनुभवहरु साटासाट गर्नु र यस गाउँपालिकाको शिक्षाको गुणस्तर समयमै सुधार गर्नु वि.व्य.स., प्र.अ., शिक्षक अभिभावक संघ, गाउँपालिका लगायत सबैको सक्रिय र सकारात्मक सोच र आवश्यक मनासिव सुझाव सल्लाह समेट्ने कोसिस गरिनेछ ।

**१६. उजुरी :**

यस कार्यविधि बमोजिम भएका काम कारबाही सम्बन्धमा चित्त नबुझेमा गाउँपालिका समक्ष उजुरी गर्न सकिनेछ र परेको उजुरीको कारबाही र किनारा गाउँकार्यपालिकाले गर्नेछ ।

**१७. बाधा अडकाउ फुकाउ :**

यस कार्यविधिको आवश्यक व्याख्या समयानुकूल संशोधन तथा अनुसूची थपघट गाउँ कार्यपालिकाले गर्नेछ । यस अघि भाएका तथ्यांक संकलन, अनुगमन निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

Dharche Rural Municipality
Office of the Municipal Executive
Gorkha, Gandaki Province, Nepal



CamScanner